आज मिति २०७६/०६/०४ गते शनिबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर बली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. कृषि तथा पशुपन्छि कार्यविधि पारित सम्बन्धमा ।

२. बार्षिक समिक्षा तथा शुभकामना आदानप्रदान सम्बन्धमा ।

३. पश्चिम जाजरकोट विकास समाजलाई अनुदान सम्बन्धमा ।

४. सडक मर्मत सम्बन्धमा ।

५. विद्यालय ब्लकको भुक्तानी सम्बन्धमा ।

६. भुक्तानी व्यवस्था सम्बन्धमा ।

७. पशु विरामी पूर्जा शुल्क सम्बन्धमा ।

८. राहत वितरण सम्बन्धमा ।

९. बजेट बाँडफाँड सम्बन्धमा ।

१०. टेलिकमको सोलार पाता तथा ब्याट्री प्रयोग गर्ने सम्बन्धमा ।

११. खरिद सम्बन्धमा ।

१२. लिलामि बिक्रि सम्बन्धमा ।

१३. विविध तथा प्रासंगिक बिषयहरु ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा यस गाउँपालिकाद्धारा निर्माण गरिएको कृषि तथा पशुपन्छि कार्यविधि २०७६ पारित गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिकाको गत आ.व. २०७५/७६ को बार्षिक विकास कार्यक्रमको समिक्षा गोष्ठि यही २०७६ असोज ११ गते आयोजना गर्ने र सोही दिन यस बर्षको दशैं तिहारको शुभकामना आदान प्रदान कार्यक्रम गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा शिवालय गाउँपालिकाको आ.व. २०७६/७७ को वार्षिक विकास कार्यक्रममा राखिएको पश्चिम जाजरकोट विकास समाजको स्रोतकेन्द्र भवन निर्माणका लागि विनियोजित रकम रु. १० लाख उक्त संस्थासँग सम्झौता गरी कार्यप्रारम्भ गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा शिवालय गाउँपालिकाको तपसिलका सडकहरु वर्षायामको पानिले सवारी साधनहरु चल्न नसक्ने गरी बिग्रेभत्केकाले सो को मर्मत गरी सवारी साधन आवागमनलाई सहज गराउने निर्णय गरियो । सो को भुक्तानी प्राविधिक लागत अनुमानका आधारमा सडक मर्मत सम्भार कोषबाट दिनेसमेत निर्णय गरियो ।

क. छेडा कचाली सडक, शिवालय १, २, ३, ४, ७

**१. शिवालय गाउँपालिका वडा नं. १ अन्तर्गतका सडकहरु**

क. मोर्क आले सडक ख. भम्प आले सडक

**२. शिवालय गाउँपालिका वडा नं. २ अन्तर्गतका सडकहरु**

क. तिमिलेतडा कोशेटाकुरा सडक

**३. शिवालय गाउँपालिका वडा नं. ३ अन्तर्गतका सडकहरु**

क. नेपा खोला राख्मा सडक ख. रिठ्ठा ताङ्गा सडक

**४. शिवालय गाउँपालिका वडा नं. ४ अन्तर्गतका सडकहरु**

क. रिठ्ठा टाटा सडक ख. ताङ्गा टाटा सडक

**५. शिवालय गाउँपालिका वडा नं. ५ अन्तर्गतका सडकहरु**

क. कल्याना चिउदुवा सडक

**६. शिवालय गाउँपालिका वडा नं. ६ अन्तर्गतका सडकहरु**

क. थाला कचाली सडक

**७. शिवालय गाउँपालिका वडा नं. ७ अन्तर्गतका सडकहरु**

क. कल्याना भिउस सडक ख. ढिकाले जुँगा सडक

प्रमुख प्रशासकीय अधिकृत

८. शिवालय गाउँपालिका वडा नं. ८ अन्तर्गतका सडकहरु

क. मैलतडा लिस्पानी सडक    ख. भुसेवाडा नान्ने सडक    ग. टाटे वस्नेवडा सडक

९. शिवालय गाउँपालिका वडा नं. ९ अन्तर्गतका सडकहरु

क. वालुवा ओडालपाटा सडक

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिकाको आ.व. ~~२०७५/७६~~ को वार्षिक विकास कार्यक्रममा सशर्ततर्फ विनियोजन गरिएको नेपाल राष्ट्रिय ~~माध्यमिक~~ आधारभूत विद्यालय ~~स्वामी~~ शिखर तथा बालज्योति प्रावी मान्टुडाको ब्लकको बाँकी भुक्तानी दिनुपर्ने रकम फ्रिज भएकोले सो रकम अर्थ मन्त्रालयसँग माग गर्ने र हाललाई चालु आ.व. २०७६/७७ को विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत ११.१.२.१ विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान शिर्षकबाट भुक्तानी दिने र पछिबाट आउने रकम वा नआएमा गाउँपालिकाको कुनै शिर्षकबाट बचत रहने रकम शोधभर्ना गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा शिवालय गाउँ कार्यपालिकाको कार्यालयबाट व्यक्तिका नाममा दिइने सबै किसिमका भुक्तानीहरु अनिवार्यरुपमा निजको बैंक खातामार्फत वा A/C Payee Cheque जारी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा शिवालय गाउँ कार्यपालिकाको पशुपन्छि विकास शाखामा वितरण गरिने औषधिको दुरुपयोगलाई नियन्त्रण गर्न तपसिल बमोजिमको विरामी पूर्जा शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

१. बाखाको हकमा

क. १० वटा सम्म बाखाको औषधि लिदा रु.१०

ख. १० वटा भन्दा बढी बाखाको औषधि लिदा रु. २५

२. गाई, गोरु भैसि तथा रांगोको हकमा

क. प्रतिवटाको रु. ५

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा शिवालय गाउँपालिकामा प्राप्त राहत तथा आर्थिक सहायताका निवेदन उपर छानविन गरी यही असोज १५ गतेका दिन राहत तथा आर्थिक सहायता वितरण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

प्रस्ताव नं. ८ मा छलफल गर्दा सशर्ततर्फको राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम ( ३०८००१०४) उप शिर्षक नं. २.२.१० अन्तर्गत प्राप्त हुने रकमध्ये रु. १४ लाख सोलार खरिदका लागि र रु. १ लाख बायोग्याँस निर्माणको बाँकी भुक्तानी दिने निर्णय गरियो । सो रकमबाट सभाहल तथा ICT भवनमा ६/६ किलोवाटको सोलार जडान गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा नेपाल टेलिकमले विगतमा VSAT Telephone प्रणाली जडान गर्दा प्रयोग गरिएका सोलार पाता तथा ब्याटी प्रयोग विहिन भई वेवारिसे अवस्थामा रहेकाले तिनको संकलन गरी एकै ठाउँमा जडान गर्दा पालिकामा आवश्यक सौर्य उर्जाको माग पूर्ति हुने देखिएकोले यस पालिकाको केन्द्रमा ल्याई नयाँ प्रणाली वनाई जडान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

प्रस्ताव नं. ११ मा छलफल गर्दा शिवालय गाउँपालिकाको पाँचौ गाउँसभाद्वारा पारित तथा आ.व. २०७६/७७ को स्विकृत वार्षिक विकास कार्यक्रममा राखिएको हेभि इक्विमेन्ट खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम खरिद प्रक्रियामा जाने निर्णय गरियो । साथै यस कार्यालयको लागि आवश्यक हेभि ड्युटी फोटोकपी मेसिन पनि खरिद गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

प्रस्ताव नं. ११ मा छलफल गर्दा शिवालय गाउँपालिकामा बेकामे अवस्थामा रहेका समानहरु प्रचलित कानूनको अधिनमा रही लिलाम गर्ने निर्णय गरियो ।

## निर्णय नं. १३

प्रस्ताव नं. ११ मा छलफल गर्दा शिवालय गाउँपालिका अन्तर्गत निर्माण हुने वडा कार्यालयहरुको निर्माण छ महिनाभित्र र मन्दिरको निर्माण तीन महिनाभित्र गरिसक्नुपर्ने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/०६/०४ मा बसेको वत्तिसौ वैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत